म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १५८ बिहीबार ५ माघ २०७९ ने. सं. ११४३ पोहेलागा 19 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थाहा गोल्डकपको फाइनल आज

हेटौंडा, ४ माघ/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा जारी चौथो थाहा गोल्डकपको फाइनल आज बिहीबार हुँदैछ । उपाधिका लागि माउन्टेन एफसी र पारिजात स्मृति पुस्तकालय भिड्दैछन् । फाइनल खेल इन्द्रायणी खेल मैदानमा हुँदैछ । गोल्डकपको सेमिफाइनलमा जीत निकालेसँगै उपाधिका लागि माउन्टेन र पारिजात आमनेसामने हुने पक्का भएको थियो । सेमिफाइनल खेलमा माउन्टेन एफसीले तारुका एफसीलाई ५-० गोलको फराकिलो अन्तरले हराउँदै उपाधिनजिक पुगेको हो । अर्को सेमिफाइनल खेलमा पारिजात स्मृति पुस्तकालय चित्लाङले आयोजक थाहा नगरपालिका फुटबल टिमलाई ४-१ गोल अन्तरले पराजित गर्दै फाइनल पुगेको थियो । गोल्डकप बिजेताले नगद २ लाखसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले नगद १ लाखसहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । खेलकुद विकास समिति थाहा नगरपालिकाको आयोजनामा भएको प्रतियोगितामा १८ टिमले सहभागिता जनाएका थिए । गोल्डकप आयोजनामा नगरपालिका कार्यालय र निजी क्षेत्रले सहयोग गरेका छन् ।

# बागमतीमा मन्त्रालय संख्या टुंगिएपछि सरकार विस्तार


साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ बागमती प्रदेशमा सरकार विस्तारको समय धकेलिने देखिएको छ । प्रदेशसभाबाट मंगलबार विश्वासको मत पाएका मुख्यमन्त्री शालिकराम जम्मकट्टेले केही दिनपछि मात्रै सरकार विस्तार गर्ने उनी निकट स्रोतले जानकारी दिएको छ ।

मुख्यमन्त्री जम्मकट्टेलले विश्वासको मत पाएसँगै मन्त्रिपरिषद् विस्तार गर्ने योजना बनाएका थिए । उनले मंगलबार भएको प्रदेशसभा बैठकबाट विश्वासको मत पाएका छन् । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सात वटा दलमध्ये नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का ३ सांसद्बाहेक अन्य ६ वटै दलका एकसय पाँचजनाले जम्मकट्टेललाई विश्वासको मत दिएका हुन् । जम्मकट्टेलले विश्वासको मत पाएसँगै मन्त्रिपरिषद् विस्तारको तयारी अगाडि बढेको हो । यद्यपि, जम्मकट्टेललाई मन्त्रिपरिषद् विस्तारमा चुनौती छ ।

साविकको १४ वटा मन्त्रालय घटाएर ११ वटामा पुऱ्याउने उनको योजनाले नै मन्त्रिपरिषद् विस्तारमा चुनौती देखिने भएको हो । स्रोतका अनुसार जम्मकट्टेलले ११ वटा मन्त्रालय बनाउने गरी गृहकार्य गरिरहेका छन् । तर, कुन मन्त्रालय कहाँ गाभ्ने भन्ने टुंगो लागिनसकेको जनाइएको छ । बागमतीमा सरकारलाई समर्थन गरेका पाँच वटा दलले १४ वटा मन्त्रालयमा दाबी गरेका छन् । सत्ता गठबन्धनको ठूलो दल नेकपा एमालेले ५ वटा, नेकपा माओवादी केन्द्रले ४ वटा, एकीकृत समाजवादीले २ वटा, राप्रपाले २ वटा, हाम्रो नेपाली पार्टीले १ वटा मन्त्रालयमा दाबी गरेका छन् ।

यसअघि माओवादी केन्द्र संसदीय दलका नेतासमेत रहेका जम्मकट्टेलले मुख्यमन्त्रीमा सपथ लिएसँगै एमालेका जगन्नाथ थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्रालय र राप्रपाका उद्धव थापालाई विनाविभागीय मन्त्रीमा नियुक्त गरेका थिए । त्यसयता उनले मन्त्रिपरिषद् विस्तार गरेका छैनन् । प्रदेशसभाको अघिल्लो कार्यकालमा राजेन्द्र पाण्डे नेतृत्वको सरकारले मन्त्रालय संख्या १४ पुऱ्याएको थियो । मन्त्रालय संख्या बढाउनेमा माओवादी केन्द्र संसदीय दलको नेताको हैसियतमा उनै जम्मकट्टेलले सहमति पत्रमा हस्ताक्षर गरेका थिए । उनी हाल मुख्यमन्त्री भएपछि मन्त्रालय संख्या घटाउन लागिपरेका हुन् ।



बागमतीमा जम्बो मन्त्रिपरिषद् बनाएको भन्दै तत्कालीन सरकारको चर्को आलोचना भएको थियो । जसका कारण पाण्डे नेतृत्वको १४ महिने सरकार आलोचनामै बित्यो । त्यतिबेला जम्मकट्टेल आर्थिक मामिला तथा योजना मन्त्री थिए । पाण्डे नेतृत्व सरकारको आलोचना देखेका उनले प्रशंसा बटुल्न मन्त्रालय संख्या घटाउने योजना बनाएको चर्चा भएको छ । २०७४ को निर्वाचनपछि बनेको बागमतीको पहिलो सरकारले ७ वटा मन्त्रालय बनाएको थियो । त्यसको साढे ३ वर्षपछि अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री भएपछि सामाजिक मन्त्रालय फुटाएर स्वास्थ्य मन्त्रालय बनाइएपछि ८ वटा मन्त्रालय पुगेको थियो । पाण्डे नेतृत्वको सरकारले भने गठबन्धनमा भागबण्डा मिलाउन १४ वटा मन्त्रालय र १८ जना मन्त्री बनाएको थियो ।

जम्मकट्टेललाई मन्त्रालय संख्या निर्धारण गर्नुअगावै मन्त्रिपरिषद् विस्तार गर्न थप अप्ठेरो परेको छ । उनले मुख्यमन्त्रीमा पदभार ग्रहण गरेकै दिन २६ पुसमा मन्त्रालय संख्या निर्धारण गर्न कार्यदल गठन गर्ने पहिलो निर्णय गरेका थिए । १५ दिनभित्र कार्यदलले प्रतिवेदन पेश गर्ने र जसका आधारमा मन्त्रालय संख्या टुंगोमा पुऱ्याउने मुख्यमन्त्री जम्मकट्टेलले जानकारी दिएका थिए । पाँच सदस्य कार्यदल बागमती प्रदेशका प्रमुख सचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा गठन भएर काम गरिरहेको छ । कार्यदलको प्रतिवेदनपछि मात्रै मुख्यमन्त्री जम्मकट्टेललाई मन्त्रिपरिषद् विस्तार गर्न सहज हुने देखिएको छ ।

प्रतिनिधिसभाको सभामुख निर्वाचनले पनि बागमतीमा मन्त्रिपरिषद् विस्तारमा ढिलाई हुने देखिएको हो । ५ माघमा प्रतिनिधि सभाले सभामुख पाएपछि मात्रै बागमतीमा सरकार विस्तार हुने मुख्यमन्त्रीनिकट स्रोतले जानकारी दिएको छ ।

# बागमतीमा ६ महिनामा दुई हजार बढी मुद्दा, ९६ प्रहरीलाई कारबाही

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ बागमती प्रदेशमा चालू आर्थिक वर्ष २०७९/८० को ६ महिनाभित्र दुई हजारभन्दा बढी मुद्दा दर्ता भएका छन् ।

प्रदेशको १३ जिल्लामध्ये १० वटा जिल्लाबाट (काठमाडौं उपत्यकाबाहेक) ६ महिनामा दुई हजार एकसय ५३ वटा मुद्दा दर्ता भएका हुन् । बागमती प्रदेश प्रहरी कार्यालय मातहतका २३ वटा प्रहरी कार्यालयहरुमा उक्त संख्यामा मुद्दा दर्ता भएको हो । प्रहरी कार्यालयले विभिन्न अपराधमा संलग्न भएको आरोपमा एकहजार चारसय पाँच जनालाई पक्राउ गरेको जानकारी दिएको छ । यस अवधिमा प्रहरीले १८ नाल अवैध हातहतियार बरामद गरी ११ जना मानिसलाई पक्राउ गरिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिपक रेग्मीले जानकारी दिए ।

कार्यालयका अनुसार फैसला कार्यान्वयनतर्फ प्रहरीले तीनसय ८७ जनालाई पक्राउ गरी चार करोड आठ लाख ६१ हजार आठसय ९९ रुपैयाँ जरिवाना संकलन गरेको छ । प्रदेशको १० जिल्लामा चालु आर्थिक वर्षको ६ महिनामा १ लाख २८ हजार सातसय ५४ वटा सवारी साधन ट्राफिक प्रहरीको कारबाहीमा परेका छन् । बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले नियमविपरित चलेका सवारी साधन नियन्त्रणमा लिएर कारबाही गरिएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

कारबाहीमा परेका उक्त सवारी साधन कारबाहीबाट ११ करोड ३२ लाख ६५ हजार ५ सय रुपैयाँ जरिवाना संकलन गरिएको एसएसपी रेग्मीले जानकारी दिए । सवारी दुर्घटना न्यूनिकरण गर्नका लागि सवारी साधनको यान्त्रिक परीक्षण अभियान सञ्चालन गरी पाँच हजार पाँचसय ९४ वटा सवारी साधनको यान्त्रिक परीक्षण गरिएको प्रवक्ता रेग्मीले बताए । सवारी साधनको तीव्र गति नियन्त्रणका लागि




विभिन्न दुई सय २० स्थानमा राडार गनसहित चेकजाँच गर्ने व्यवस्था मिलाएर सिन्धुली, काभ्रे, चितवन, मकवानपुर र धादिङ जिल्लाका राजमार्गमा चल्ने सार्वजनिक सवारीसाधनमा टाइम कार्डको व्यवस्था गरिएको प्रवक्ता रेग्मीले बताए ।

यसैगरी, ६ महिनाभित्र लागूऔषध ओसारपसारमा संलग्न दुईसय ५७ जना पक्राउ परेका छन् । कार्यालयले विभिन्न प्रतिबन्धित औषधिजन्य लागूऔषध २२ हजार नौसय १३ पिस, एकलाख पाँचहजार पाँचसय मिलिलिटर तरलजन्य लागूऔषधसहित दुईसय ५७ जना कारोबारीलाई पक्राउ गरेको जनाएको हो । लागूऔषध गाँजा दुईहजार आठसय ८७ किलो, चरेश ९५ किलो, अफिम दुई किलो र खैरो हिरोइन एकसय ८७ ग्राम बरामद भएको प्रवक्ता रेग्मीले जानकारी दिए । २६ हजार आठसय ६७ लिटर तयारी घरेलु मदिरा र कच्चा मदिरा २३ हजार ८१ किलो बरामद गरेर नष्ट गरेको प्रहरीले जनाएको छ ।

**९६ प्रहरीलाई विभागीय कारबाही**

प्रदेश प्रहरी कार्यालय हेटौंडाले प्रदेशका १० जिल्लामा कार्यरत् (काठमाडौं उपत्यकाबाहेक) ९६ जना प्रहरी कर्मचारीलाई कारबाही गरेको छ ।

चालू आर्थिक वर्ष २०७९/०८० को ६ महिना अवधिभित्र प्रदेश प्रहरी कार्यालय मातहतमा कार्यरत् ९६ जना प्रहरी कर्मचारीलाई आचरणविपरित कार्य गरेको भन्दै विभागीय कारबाही गरिएको जनाइएको छ । प्रहरीको वार्षिक कार्ययोजना-२०७९ तयार गरी कार्यान्वयनको चरणमा रहेको र अनुगमन प्रणालीको विकास गरी प्रदेशबाट एकसय ७० र मातहतबाट पाँचसय ३४ पटक अनुगमन भएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मीले जानकारी दिए ।

अनुगमनबाट उत्कृष्ट कार्यसम्पादन भएका प्रहरी कर्मचारीलाई पुरस्कृतसँगै आचरणविपरित कार्य गर्नेलाई कारबाही पनि गरिएको एसएसपी रेग्मीले बताए । प्रहरी प्रहरीले प्रत्येक महिना १५ जना प्रहरी कर्मचारीलाई पुरस्कृतसमेत गर्दै आइरहेको छ । हालसम्म कार्यालयले आफ्नो कार्यक्षेत्रमा उत्कृष्ट कार्य गर्ने चारसय ६६ जना प्रहरी कर्मचारीलाई पुरस्कृत गरेको एसएसपी रेग्मीले जानकारी दिए । प्रदेश प्रहरी कार्यालयले शान्ति सुरक्षा व्यवस्थापन तथा अपराध अनुसन्धानमा प्रविधिको प्रयोग बढाउँदै लगेको रेग्मी बताउँछन् ।

उनका अनुसार सीसीटीभी जडानलाई प्राथमिकता दिँदै ६ महिनाको अवधिमा प्रदेशका विभिन्न स्थानमा थप ८१ वटा सीसीटीभी जडान गरिएको छ । बागमती प्रदेश प्रवेश गर्ने विभिन्न राजमार्ग तथा नाकाहरुमा रहेका सीसीटीभी प्रदेश प्रहरी कार्यालयको कन्ट्रोल रुमबाट मनिटर गरिँदै आएको छ । थप सीसीटीभी जडानका लागि प्रदेश सरकारबाट एक करोड रुपैयाँ बजेट विनियोजन भइसकेको उनले जानकारी दिए । कार्यालयले प्रशासनिक सुधारअन्तर्गत् मातहतका १४ वटा कार्यालयसँग वार्षिक कार्यसम्पादन सम्झौता गरेको र १२ लक्ष्य र एकसय क्रियाकलाप कार्यान्वयनमा रहेको उनको भनाइ छ ।

# खत्री बागमती प्रदेशको उत्कृष्ट प्रहरी

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ जिल्ला प्रहरी कार्यालय धादिङमा कार्यरत् प्रहरी नायव उपरीक्षक श्यामबहादुर खत्री बागमती प्रदेशको पुस महिनाको उत्कृष्ट प्रहरी घोषित भएका छन् ।

खत्रीलाई बुधबार बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले उत्कृष्ट प्रहरी घोषणा गरेको हो । खत्रीको कार्यमूल्याङ्कनको आधारमा उत्कृष्ट प्रहरी घोषित गरिएको जनाइएको छ । खत्रीले आफूलाई दिइएको जिम्मेवारी कर्तव्यनिष्ठ ढङ्गबाट सम्पादन गर्दै गत मंसिर २६ गते धादिङको त्रिपुरासुन्दरी गाउँपालिका-३ का ७४ वर्षीय विष्णुबहादुर मगर र उनको श्रीमती ६७ वर्षीय निरमाया आलेमगरको हत्या भएको घटनामा प्रभावकारी ढंगबाट अनुसन्धान गरी घटनामा संलग्न सोही ठाउँका १५ वर्षीय आशिष कोईराला र १३ वर्षीय रविन परियारलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन सफल भएको थियो । यस्तै, विभिन्न अपराध नियन्त्रणमा खत्रीले उल्लेखनीय भूमिका खेलेको बागमती प्रदेश प्रहरीले जनाएको छ ।



**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# फोहोरको उचित विसर्जन गरौं

मानव जीवनमा गरिने हरेक कार्यबाट फोहोर पदार्थको उत्पादन हुने गर्दछ । शौच आदि क्रियाकलाप गर्दा, व्यवसाय गर्दा, खाना बनाउँदा, घरलगायत सरसफाई गर्दा, मर्मत गर्दा, पुराना सामानहरुको व्यवस्थापन गर्दा, तयारी खाद्य पदार्थ किनेर खाँदा, प्याकिङ गरिएका बस्तुको प्रयोग गर्दा, घर पालुवा पशुपक्षीकाकारण र नित्य कर्म गर्दालगायत मानव जीवनको धेरै कार्यहरु गर्दाको अवस्थामा फोहोर मैलाको उत्पादन हुने गर्दछ । फोहोर उत्पादन हुनबाट रोक्न सकिँदैन तर, त्यसको उचित व्यवस्थापन गर्न सकिएन भने आफूले गरेको क्रियाकलापबाट उत्पादन भएको फोहोरले आफैंलाई हानी पुऱ्याउँदछ ।

फोहोरको कारण विभिन्न किसिमका सरुवा रोगहरु लाग्ने गर्दछ । फोहोरको कारण घरको शोभा बिग्रन्छ । फोहोरको कारण समाजको पहिचान गुम्दछ । फोहोरकै कारण पर्यटन प्रबर्द्धनमा समस्या पर्दछ । फोहोरकै कारण घरका परिवारका सदस्यबीच वैमनष्यता उत्पनन हुन्छन् । फोहोरकै कारण छिमेकीमा कलह उत्पन्न हुन्छन् । फोहोरको कारण समग्र मानव स्वास्थ्य र मानसिक अवस्थामा समेत गम्भीर आघात पुगिरहेको हुन्छ । मानिसको जीवनमा गर्ने हरेक क्रियाक्लापबाट फोहोर निस्कने गर्दछ । तर, त्यसको सही बिसर्जन हुन नसकेमा त्यसले निम्त्याउने समस्याहरु धेरै प्रकारका हुन्छन् ।

फोहोर मैला नगरौं भनेर स्थानीय पालिकाहरुले पटकपटक सूचनाहरु जारी गरिरहेकै हुन्छन् । फोहोर गर्नु हुँदैन भनेर प्राय: सबैलाई थाहा छ । तर, मानिसको अटेरीपनको कारण फोहोर मैलाले घर, समुदाय तथा बजार क्षेत्रहरु ढाकेकै हुन्छन् । टोलटोलमा डस्टबिनहरु राखिएका हुन्छन् तर, डस्टबिनमा फोहोर नफालेर जथाभावी फाल्ने गरेको देखिन्छ । सीमित स्थानमा फोहोर फाल्दा स्वास्थ्यमा राम्रो, सरसफाईमा राम्रो तथा समाजकै इज्जत बढ्ने गर्दछ । तर, मानिसहरुको अटेरी पनको कारण फोहोर फाल्नेलाई जरिवाना पनि घोषणा गरिएको छ । कतिपय मानिसहरु जरिवानामा पनि परेका छन् । तैपनि फोहोरको उचित व्यवस्थापन हुन सकिरहेको छैन । त्यसैले टोल विकास संस्थाहरु, सामाजिक संघसंस्था तथा घरघरमा फोहोर मैला गर्नु हुँदैन भन्ने सचेतना फैल्याउँदै यसको उचित व्यवस्थापनमा लाग्नु अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ ६ गते शुक्रबार २० जनवरी २०२३ । त्रयोदशी माघ कृष्णपक्ष। पोहेलागा ११४३ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:३३।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : समयले साथ दिनेछ | **तुला** | : घरायसी मेलमिलाप हुनेछ |
| **वृष** | : राम्रो समाचार सुन्न पाइनेछ | **वृश्चिक** | : पढाइलेखाइमा सफलता मिल्नेछ |
| **मिथुन** | : शुभ नतिजा आउनेछ | **धनु** | : घरेलु समस्याले सताउनेछ |
| **कर्कट** | : दिन रमाइलो हुनेछ | **मकर** | : आफन्तले धोका दिन सक्नेछन् |
| **सिंह** | : मन खिन्न हुनेछ | **कुम्भ** | : मनमा उमङ्ग बढ्नेछ |
| **कन्या** | : शरीरमा स्फुर्ती बढ्नेछ | **मीन** | : रमाइलो छोटो यात्रा हुनेछ |

# महँगो मूल्यमा ल्याएको एजेण्डा: कौडीतुल्य सौदाबाजी



राजेन्द्र किराती

संसदीय राजनीतिमा गणितीय जोड घटाउ निर्णायक हुने गर्दछ । यसमा विचार, सिद्धान्त, कार्यदिशा र कार्यक्रमहरूको बारेमा अनिवार्य गहन बहस हुँदैन । बहस भइहाले पनि त्यो केवल औपचारिकता, देखावटी बहानाबाजी र भावनामा सीमित हुन्छ । संसदीय लोकतन्त्रमा अन्तर्निहित नीति, प्रक्रिया, नारा र पदावलीहरू राम्रो छ । तर, सुगरकोटेड लोकतान्त्रिक नीति वाक्य र त्यसको व्यवहारिक आयाम बीचमा तादात्म्यता मिलेको पाइँदैन । मूलभूत समस्या यहीनेर हो ।

त्यसैले व्यवहारत: संसदीय प्रणाली गणितीय हिसाब-किताबको दुष्चक्रमा फन्को मारि रहन्छ । यसरी फन्को मार्ने क्रममा यसले एक पछि अर्को आफ्नो आधारभूत सिद्धान्त, विचार र एजेन्डाहरू भुल्दै जान्छ । सरकार निर्माण र विघटन, बहुमत र अल्पमत, पक्ष र प्रतिपक्ष अनि भोट ब्ल्याकमेलिङ जस्ता संसदीय कर्मकाण्डमा मात्र राष्ट्रिय राजनीति केन्द्रित हुन पुग्दछ ।

यस अतिरिक्त संसदमा कतिपय दलहरू अग्रगामी, कतिपय दलहरू यथास्थितिवादी अनि कतिपय दलहरू पश्चगामी विचार बोकेको हुन्छन् । सबैको आ-आफ्नै दाउ हुन्छ । बालिग मताधिकार सहितको लोकतन्त्र भनिए पनि सही पार्टी र व्यक्ति नै चुनिन्छन् भन्ने कुनै ग्यारेन्टी हुँदैन ।

अब त झन् वैचारिक निर्देशन विनाको बहकिएको मतदाताले कता भोट हाल्छ, यसै भन्न सकिन्न । यस्तो वस्तुगत धरातलमा सिद्धान्त, विचार र एजेन्डाहरू निर्णायक हुँदैन । बरु प्राविधिक र झिना मसिना सवालहरूमा एजेन्डाहरू लिलाम गरिन्छ । एजेन्डा भन्दा पनि गणितीय जोड घटाउ र पदीय लेनादेना प्रधान हुन्छ । यस आलेखमा यसै सन्दर्भमा चर्चा गरिएको छ ।

**संसदीय यात्रासँगै सम्झौता**

सम्झौतामा राजनैतिक एजेन्डा लिलाम विक्री गर्ने क्रम शान्ति प्रक्रियाको सुरुआतसँगै भएको देखिन्छ । दस वर्षे जनयुद्धपछि वृहत् शान्ति सम्झौतासँगै माओवादी शान्ति प्रक्रियामा आएको सबैलाई अवगतै छ । हिजोको क्रान्ति र आजको संसदीय प्रक्रिया सारभूत रूपमै भिन्न थियो । जनयुद्धकालमा उठाइएका तमाम् एजेन्डाहरू आज नेपाली राजनीतिको मूल आयाम बनिरहेको छ । यो सुखद पक्ष हो ।

तर यस्ता एजेन्डाहरूलाई यहाँसम्म ल्याउन कति पापड बेल्नु पऱ्यो, त्यो कि त स्वयं माओवादीलाई थाहा छ कि तत्कालीन सात दलीय गठबन्धनका शीर्ष नेतृत्वहरुलाई थाहा छ । किनभने उनीहरुले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी र समानुपातिक एजेन्डाहरू सजिलै स्वीकारेका होइनन् । यसको लागि दर्जनौं चरण लामो तथा पेचिलो वार्ता र छलफलको सिलसिला गुजार्नु परेको तितो यथार्थ विगत सम्झौताको दस्तावेजहरूबाट प्रस्ट हुन्छ । उनीहरूलाई फकाएर, सम्झाएर अनि कन्भिन्स गरेर बल्ल बल्ल यो सम्झौतासम्म ल्याइएको कुरा साँचो हो । त्यसैले त उनीहरू अग्रगामी एजेन्डाहरूमा स्पष्ट धारणा बनाउँदैनन् ।

यसबाट के वस्तुगत तथ्य स्पष्ट हुन्छ भने माओवादी शान्ति प्रक्रियामा आएसँगै परिवर्तनकारी एजेन्डाहरू माथि सर्त र सम्झौताको डन्डा चलाउन थालिएको हो । यसमा सात दलीय गठबन्धनले यथास्थितिको वकालत गरिरह्यो भने माओवादीले परम्परागत राजनीतिमा आमूल फेरबदल सहितको गणतन्त्रको पक्षमा लागि रह्यो । यही सिलसिलामा तत्कालीन सात दलीय गठबन्धन वा आजको मुख्य राजनैतिक दलहरूले यस्तै यथास्थितिवादी र पश्चगामी सर्त र सम्झौताहरूमा माओवादीले लामो संघर्ष, बलिदानी र त्यागबाट स्थापित गरेको थुप्रै अर्ग्यानिक एजेन्डाहरू लिलाम गर्न बाध्य पारियो । उनीहरुले त्यसलाई नाम मात्रको एजेन्डाको रूपमा मात्र स्वीकार गरे, जसको राजनैतिक अन्तर्वस्तु सतही र अमुक थियो । यही सिलसिलामा पछिल्लो समय पश्चगामी तत्त्वहरूले अझ बढी टाउको उठाउन थालेका छन् । सार्वभौमता पश्चगामीहरूले टाउको उठाउनु भनेको अग्रगामी एजेन्डाहरू ओझेल पर्दै जानु हो ।

**गणतन्त्रमा सम्झौता**

२०७२ सालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनेर स्पष्ट लेखिएको छ । तर त्यतिखेर पनि प्रमुख संसदवादी दलहरूले गणतन्त्रलाई दिलैदेखि स्वीकार गरेको अवस्था थिएन । उनीहरूलाई मनाउन प्रचण्डले कति पापड बेल्नु पऱ्यो जगलाई थाहै छ । उनीहरुले जनताका अग्रगामी वा परिवर्तनकारी मर्म र भावनामाथि ब्ल्याकमेलिङ गर्नको लागि मात्र गणतन्त्र हुन्छ नै त भनेका थिए । तर उनीहरुको आकलन के थियो भने भोलि कुनै पनि समय अग्रगामी राजनीति रक्षात्मक भएको वेला यसको खिलाफमा जान सकिन्छ भन्ने बुझाइ थियो । यही स्पीरिटमा मात्र उनीहरुले यी एजेन्डाहरू स्वीकारेका हुन् ।

गणितीय आधारमा आज माओवादी निकै सानो भएको छ । संसदीय राजनीतिमा गणित नै सवै थोक हुन्छ । यही अनुकूल धरातलमा राप्रपा लगायतका केही नयाँ दलहरू राजतन्त्र पुर स्थापनाको कुरा गरिरहेका छन् । यसैको कमलो भावनामा संसदमा उल्लेख्य उपस्थिति कायम पनि गरिसकेको छ । उनीहरू गणतन्त्रको खिलाफमा खुलेरै लाग्न थालेका छन् । उनीहरू उल्टै माओवादीसँग यो वा त्यो प्राविधिक वा पदीय सवालहरूमा यस्ता अग्रगामी एजेन्डाहरू लिलाम गराउने रणनीतिमा रहेको स्पष्टै छ । गणतन्त्र विरुद्ध यो वा त्यो बहानामा पुरानै प्रमुख संसदवादी दलहरू पनि धरमरमै देखिन्छन् ।

यसले पश्चगामी तत्वहरूलाई अग्रगामी एजेन्डाहरू विरुद्ध माहौल बनाउन अनुकूल भइरहेको छ । यस्तो वस्तुगत परिवेशमा गणतन्त्र कमजोर हुनु वा नाम मात्रको हुनु अन्यथा होइन । वस्तुत: आज गणतन्त्र प्रभावकारी नहुनुको अन्तर्यमा यस्तै राजनैतिक स्वार्थ जिम्मेवार छ भन्दा दुइ मत हुँदैन ।

**संघीयता र धर्मनिरपेक्षतामा सम्झौता**

खास गरी माओवादीबाहेक कुनैपनि दल संघीयता र धर्मनिरपेक्षताको पक्षमा थिएन । माओवादीसँगको सम्झौता र शान्ति प्रक्रियाको रापताप र चापमा उनीहरुले कानुनी र प्राविधिक रुपमा स्वीकारे पनि राजनैतिक रुपमा दृढतापूर्वक स्वीकारेको अवस्था देखिदैन । कुनै पनि सानो छिद्र पाउने वित्तिकै उनीहरु यस्ता एजेण्डाहरुको खिलाफमा जाने निश्चित देखिन्छ । यसमा उनीहरुको रवैया र केही नयाँ दलहरुको खुलेआम विरोध गराइबाट स्पष्ट हुन्छ ।

२०७२ सालको संविधान र शान्ति सम्झौताको हस्ताक्षरकर्ता दल वा नेता भएको कारण कतिपय दलहरुलाई नैतिक प्रश्न होला । तर अग्रगामी राजनीति कमजोर हुँदै जाँदा अनि पश्चगामी तत्वहरु संसदमा हावी हुँदै जाँदा तिनको नैतिकतालाई छोप्ने पातलो पर्दा उघ्रिनु र सानो डोरो चुँडिनु कति वेर पनि नलाग्ने देखिन्छ । उनीहरु यही पर्खाइमा देखिन्छन् ।

मूलत: अग्रगामी शक्ति कमजोर हुँदा पश्चगामी तत्वहरु शक्तिशाली हुन्छन् । यो सार्वभौम नियम हो । अर्थात् संसदमा माओवादी जति सानो हुन्छ, उति नै पश्चगामी तत्वहरु निर्णायक हुन्छन् । पछिल्लो समय यस्तै द्वन्दात्मक प्रक्रिया अनुरुप राजनीति अघि बढिरहेको छ ।

रास्वपाले खुलेरै संघीयताको विरोध गरिरहेको छ । यसैको कभरमा संसदमा चौथो ठूलो दल बनिसकेको छ । राप्रपाले धर्मनिरपेक्षता होइन, हिन्दू राज्यको वकालत गरिरहेको छ । यसैको बलमा संसदमा पाँचौ ठूलो दल बनिसकेको अवस्था छ । यस्ता परिणामहरु राजनैतिक नियमद्वारा नै निर्देशित रहेको छ ।

परिवर्तनकारी शक्ति रक्षात्मक हुँदा पश्चगामीहरु आक्रमक हुन्छन् । यसरी परिवर्तनकारी एजेण्डाहरु रक्षात्मक हुनु भनेको अन्तत: जनताका परिवर्तन, मुक्ति, न्याय र समानताको चाहना र मर्म हार्नु हो । तव एजेण्डाहरु विरुद्ध चौतर्फी प्रहार हुन थाल्दछ । केही बचेखुचेको एजेण्डाहरु पनि पद, प्रतिष्ठा, पावर जस्ता प्राविधिक आयामहरुसँग सौदावाजी गर्न वाध्य पारिन्छ । तर यस्तो गलत अस्त्रले हामी गन्तव्यमा पुग्ने संभावना कम हुन्छ ।

**समावेशी र समानुपातिकमा सम्झौता**

समावेशी र समानुपातिक जस्ता एजेण्डाहरुको बलमा आज पहुँच र प्रभाव नभएकाहरु पनि राज्यको तलदेखि उपल्लो सत्ताहरुमा हैसियत बनाउन सफल भएका छन् । यसले धनी-गरिव, वहुसंख्यक-अल्पसंख्यक र पढ-अनपढ सबैको सहभागिता सुनिश्चित भएको छ । यो सर्वाधिक खुशीको कुरा हो ।

तर आन्दोलनबाट यसलाई स्थापित गर्ने शक्ति कमजोर भएसँगै यस्ता एजेण्डाहरुमाथि पनि धावा बोल्न थालिएको छ । राजनैतिक रुपमा कतिपय पुरानै प्रमुख संसदवादी दलहरु पनि यसको पक्षमा थिएनन् । उनीहरुले प्रतिस्पर्धा, योग्यता, क्षमता र वहुमतको वहानामा समावेशी र समानुपातिक एजेण्डाहरुको औचित्यमाथि प्रश्न उठाइरहेका छन् । यसले कमजोर र असक्षम व्यक्तिहरुलाई उपल्लो तहमा पुऱ्यायो भनेर विरोध गरिरहेका छन् । मतदाता भड्किन्छन् भन्ने भयले खुलेरै विरोध भने गरेका छैनन् ।

तर माओवादीले यी एजेण्डाहरु यस्तै पहुँच, प्रभाव, सम्पत्ति, संख्या र क्षमता नभएकाहरुलाई नै शासकीय सत्तामा सहभागी गराएर उपल्लो वर्गका मानिसहरु वरावरको हैसियत वनाउने रणनीतिअन्तरगत अघि सारेका आधारभूत एजेण्डाहरु हुन् । यो मानवीय र न्यायीक अवधारणा हो । क्षमता भनेको जिम्मेवारीमा भर पर्ने कुरा हो । यो उनीहरुको दु:खी, गरिव, निमुखा र अनपढहरुप्रति हेर्ने गलत दृष्टिकोणको उपज हो । यसको जननी पार्टी माओवादी कमजोर भएसँगै एजेण्डामाथि जतातते आक्रमण हुन थालेको छ । ती तमाम् एजेण्डाहरुलाई खारेजीको माग गरिरहेका छन् । यस्तो वेला अग्रगामी एजेण्डाहरु पद, प्रतिष्ठा र पावरसँग सौदावाजी गर्ने क्रम उत्कर्षमा पुग्दैछ ।

**पृथ्वी जयन्तीमा सम्झौता**

अग्रगामी शक्ति कमजोर भएसँगै पश्चगामीहरु यो वा त्यो कोणमा हावी हुनु स्वभाविक हुन्छ । यही मेसोमा यसपालिको चुनावमा पुरानै र नयाँ पश्चगामी शक्तिहरु सतहमा देखा परेका छन् । यो अनौठो होइन ।

राष्ट्रिय राजनीति वा समाजलाई कुन वैचारिक दृष्टिकोणले नेतृत्व गरिरहेको छ भन्ने कुराले अग्रगमन र पश्चगमन निर्धारण गर्दछ । मिलीजुली सरकारमा अग्रगामी, यथास्थितिवादीदेखि नितान्त पश्चगामी शक्तिहरु सामेल छन् । नेतृत्व अग्रगामी एजेण्डाको जननी पार्टी माओवादी केन्द्रले गरिरहेको छ । यस्तो संवेदनशील धरातलमा नेतृत्वलाई यो वा त्यो शर्त राखेर पश्चगामी अर्थराजनीतिक भाष्य निर्माणमा अल्मल्याउने दाउ वुझ्न कठिन छैन ।

माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्ड पृथ्वी जयन्तीमा सार्वजनिक विदा दिन वाध्य भए । पृथ्वी जयन्ती साँस्कृतिक, भावनात्मक तथा वैयक्तिक मुद्धा मात्र होइन । यो त राजनैतिक सवाल पनि हो । यसकारण यसले पनि प्रत्यक्ष र परोक्ष रुपमा पश्चगमनलाई सहयोग गर्दछ । संसदीय राजनीतिमा गणितीय जोडघटाउ अन्तरगत एजेण्डाहरु लिलामी हुन पुग्दछ भन्ने सच्चाइको यो पछिल्लो उदाहरण हो ।

**निश्कर्ष**

लामो संघर्ष, त्याग र बलिदानबाट स्थापित गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक र समावेशी लगायतका अग्रगामी एजेन्डाहरूलाई अझ उन्नत, प्रगतिशील र परिणाममुखी बनाउनु परिवर्तन चाहने हामी सबैको दायित्व हो । यस्ता एजेन्डाहरूको अझ उन्नत र प्रगतिशील अन्तर्वस्तुको जगमा टेकेर मात्र समानता र सामाजिक न्याय सहितको समाजवादी समाज व्यवस्था निर्माण गर्न सकिन्छ । तब मात्र सुखी र समृद्ध नेपालको वस्तुवादी कल्पना गर्न सकिन्छ । अन्यथा त्यो बनिबनाउ चाहना र मनगढन्ते सपना मात्र हुन्छ वा जनतालाई भावनात्मक रूपमा दिग्भ्रमित पार्दै भोट ब्ल्याकमेलिङ गर्ने अस्त्र मात्र बन्दछ ।

वस्तुत: लडेर महँगो मूल्यमा ल्याएको एजेन्डाहरूलाई कौडीतुल्य पदीय वा प्राविधिक स्वार्थमा सम्झौता वा सौदाबाजी गर्नु सिंगो परिवर्तनकारी आन्दोलन माथिको गम्भीर अपराध हो । जनताका न्याय र समानताको चाहना माथिको गद्दारी हो । परिवर्तनको खातिर हजारौं सहिद हुनेहरु प्रतिको अपमान हो । एजेन्डाको भ्रष्टीकरण, दलालीकरण र अपव्याख्याले होइन, सबलीकरण र सुदृढीकरणले मात्र हामी समाजवादी निर्दिष्ट गन्तव्यमा पुग्न सक्नेछौं । यसमा सरोकारवाला सबैले गम्भीर चिन्तन-मनन गर्न जरुरी छ । (साभार: रातोपाटी)

# प्रतिपक्षविहीन संसद् र मूल्यहीन कांग्रेस

डा. विक्रम तिमिल्सिना

संसद्‍ीय लोकतन्त्रमा प्रतिपक्षको महत्वबारे राजनीतिशास्त्रका विचारक तथा अनुसन्धाताहरूले प्रशस्तै मसी सिध्याएका छन् । ती अध्ययनहरूको मूल मर्म यही छ कि बलियो र प्रभावकारी प्रतिपक्ष विनाको सरकारले जनताको भावना र स्वार्थ हैन सरकारी दल र तिनकै नेताका स्वार्थ र हितलाई प्राथमिकता दिन्छन् । हुन त संसद्‍ीय व्यवस्थाका पनि अनेक प्रकृति र प्रकार छन् । जस्तो कि राजतन्त्रसहितको लोकतन्त्र र गणतन्त्र, अनि दुईदलीय र बहुदलीय लोकतान्त्रिक प्रणाली । जतिसुकै फरक प्रकृति र परिवेश भए पनि संसद्‍ीय लोकतन्त्रमा प्रतिपक्षको भूमिका भनेको सत्तालाई जिम्मेवार बनाउने नै हो । सत्तापक्ष सरकार चलाउन असफल भए जिम्मेवारी लिन आफू अघि सर्नु प्रतिपक्षको परिभाषित काम हो ।

सरकार र प्रतिपक्ष जहाँ रहे पनि हरेक जिम्मेवार राजनीतिक दलको मूल जिम्मेवारी देश र जनताको पक्षमा काम गर्नु हो । तर लोकतन्त्रमा सरकार आफैं जिम्मेवार नहुनसक्ने हुनाले उसको कामलाई प्रभावकारी बनाउँदै जनताप्रति जिम्मेवार गराउन बलियो र संगठित प्रतिपक्षको परिकल्पना गरिएको हो । राजनीतिशास्त्रीय मान्यता र संसद्‍ीय लोकतन्त्रको प्रतिपक्षसम्बन्धी यिनै सैद्धान्तिक आलोकमा हेर्दा अहिले नेपाली कांग्रेस आफ्नो जिम्मेवारीबाट च्यूत भएको छ । प्रचण्ड सरकारलाई विश्वासको मत दिएर नेपाली कांग्रेसले आफूलाई सत्ताको प्रत्यक्ष सहयोगीको भूमिकामा उभ्याएको छ र प्रमुख प्रतिपक्षको भूमिकाबाट विमुख बनेको छ ।

२०४६ को परिवर्तनपछि सबभन्दा बढी सत्तामा पुगेको दल नेपाली कांग्रेस नै हो । उसलाई सत्ताको स्वाद थाहा छ, तर जिम्मेवारी थाहा छैन । ऊ आफूलाई लोकतान्त्रिक दल त भन्छ तर उसले लोकतन्त्रको मूलभूत मान्यताहरूलाई लत्याउँदै आएको छ । सत्तामा त ऊ खासै सफल हुन सकेन, तर प्रतिपक्षमा पनि उसले आफ्नो भूमिका कहिल्यै प्रभावकारी गराउन सकेन । जिन्दगीभर राजनीति गरेका र राजनीतिको केन्द्रमा रहेका कांग्रेस सभापति शेर बहादुर देउवा यस मामलामा अत्यन्तै असफल सावित भएका छन् । दुई महामन्त्रीसहित केही नेता मात्र देउवाको गलत संसद्‍ीय अभ्यासको विपक्षमा उभिनुले कांग्रेस कुन दिशामा अघि बढ्न खोज्दैछ भन्ने संकेत गरेको छ ।

अघिल्लो ओली सरकारकै पालामा व्यावहारिक रूपमा त देउवाले नेपाली कांग्रेसलाई प्रतिपक्षी बेन्चमै बसेर सत्ताको मतियार बनाइसकेका थिए । अब एक कदम अगाडि बढेर कांग्रेसइतर गठबन्धनकै बहुमत निश्चित भइसकेको अवस्थामा अनावश्यक मत दिएर सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले कांग्रेस प्रभावकारी प्रतिपक्ष हैन कि सत्ताकै मतियार हो भन्ने प्रष्ट सन्देश दिएका छन् । महामन्त्री गगन थापाले सत्ताको स्वाद चाखेर प्रतिपक्ष हुन मिल्दैन त भनेका छन् तर देउवाले कांग्रेसलाई हिंडाउन खोजेको बाटो त्यही हो भन्नेमा कुनै शंका बाँकी रहेन ।

यसमा नेपाली कांग्रेस र खासमा देउवाको रणनैतिक स्वार्थ छ, तर त्यो स्वार्थको फोहोरी खेलमा देउवाले नेपाली कांग्रेसले लिई आएको मूल्यमान्यतालाई कसरी तिलाञ्जली दिएका छन् भन्ने बारे यथोचित चर्चा भएको छैन । हेदहिर्दै फुत्केको सत्ता कसरी पुन: हत्याउन सकिन्छ भन्नेमा चिन्तन गर्न व्यस्त कांग्रेसका नेताहरूलाई आफ्नो मूल्यमान्यताको बारेमा सोच्ने फुर्सद नै मिलेको छैन । नेपालका दल र नेता आफ्नो आदर्श र उद्देश्यबाट च्यूत हुने कुरा सामान्य रूपमा लिन हामी पनि अभ्यस्त भइसकेका छौं । यो अभ्यस्तता नेपाली लोकतन्त्रका लागि हानिकारक भएकाले यसको चिरफार आवश्यक भएको छ ।

**संसदीय लोकतन्त्रमा प्रतिपक्ष**

संसद्‌को बहुमत प्राप्त नगरेको सबभन्दा ठूलो दल या दलहरूको गठबन्धनलाई प्रतिपक्ष भनिन्छ । दुईदलीय प्रणाली अन्तर्गत भने सामान्यतया संसद्‌मा दोस्रो ठूलो दल प्रतिपक्ष हुने गर्दछ । प्रतिपक्षलाई प्रमुख प्रतिपक्ष र आधिकारिक प्रतिपक्ष भन्ने प्रचलन पनि रहेको छ । संसदीय लोकतन्त्रको एउटा महत्वपूर्ण तत्व प्रतिपक्ष हो किनकि लोकतन्त्रकै मर्म र दीर्घायु प्रतिपक्षको भूमिकामा पनि निर्भर गर्दछ । त्यसैले यस व्यवस्थाका लागि प्रतिपक्ष आवश्यक होइन, अपरिहार्य मानिन्छ । विख्यात राजनीतिशास्त्री रोबर्ट ए. डालले त्यसैकारण प्रतिपक्षको अस्तित्वलाई लोकतन्त्रको झन्डै सबभन्दा विशिष्ट विशेषताका रूपमा चित्रित गरेका छन् ।

सरकारको नीति तथा कामकारबाहीको अर्थपूर्ण आलोचना र विरोध गर्नु, कमजोरी या असफलतामा टेकेर उसलाई प्रतिस्थापन गर्ने कोसिस गर्नु प्रतिपक्षको मुख्य काम हो । प्रतिपक्षको मूल धर्म सरकारलाई जनताप्रति जिम्मेवार बनाउने भएकाले उसका हरेक विरोध तर्कसंगत र जनमुखी उद्देश्यले प्रेरित हुन जरुरी छ । प्रतिपक्षले सरकारका कामकारबाहीको विभिन्न तरिकाले छानबिन गर्न सक्छ । उसले संसद्‌मा प्रभावकारी ढंगले सरकारका नीति, कार्यक्रम र तिनको कार्यान्वयनबारे प्रश्न सोध्न सक्छ, र विभिन्न संसद्‍ीय समितिमा बसेर र ती समितिको नेतृत्व गर्दै सरकारको कामकारबाहीमा गम्भीर प्रश्न उठाउन सक्छ । प्रतिपक्षले संचारमाध्यमको प्रयोगबाट पनि सरकारलाई प्रश्न गर्नुपर्छ, चुनौती दिनुपर्छ । सरकारलाई गैरजिम्मेवार, भ्रष्ट र निरंकुश हुनबाट रोक्ने सबभन्दा ठूलो जिम्मेवारी प्रतिपक्षकै हो ।

प्रतिपक्षको उद्देश्य भनेको प्रतिपक्षता देखाउनु हो । ऊ मौका आउँदा र आवश्यक हुँदा शक्ति लिन पनि तयार भएर बस्नुपर्छ । त्यसैले प्रतिपक्षलाई 'गभर्मेन्ट इन वेटिङ्ग पनि भन्ने गरिन्छ । तर प्रतिपक्ष सरकारको अङ्ग हुन मिल्दैन । उसले त सरकारको विरोध गर्ने र मौका आउँदा आफैं सरकारमा जाने हो, सरकारसँगै मिलेर सत्तामा प्रत्यक्ष अप्रत्यक्ष भाग खोज्ने होइन । संविधानप्रति उदार हुनुपर्ने हुनाले संसद्‍ीय लोकतन्त्रमा प्रतिपक्षलाई उदार प्रतिपक्ष पनि भन्ने गरिन्छ । त्यही मान्यताले सरकार र प्रतिपक्षलाई एउटा नियमित प्रतिस्पर्धामा बाँधेको हुन्छ र त्यसैको बलमा विधिको शासन चलेको हुन्छ । तर उदार प्रतिपक्षको अर्थ प्रतिपक्ष सरकारप्रति उदार हुनुपर्छ भन्ने होइन । प्रतिपक्ष सरकारप्रति उदार हुनु भनेको त लोकतन्त्रको मृत्यु निम्त्याउनु हो ।

सरकारको काम शासन गर्ने हो र प्रतिपक्षको काम शासकका कमी-कमजोरीमा प्रश्न उठाउने । त्यसका लागि मूल थलो संसद् हो । संसद् कति स्वस्थ र प्रभावकारी छ भन्ने कुरा प्रतिपक्ष कति जिम्मेवार र प्रभावकारी छ भन्नेमा निर्भर गर्दछ । त्यसैले त संसद् प्रतिपक्षको हो भन्ने गरिन्छ । प्रतिपक्षी दललाई जिम्मेवार र प्रभावकारी बनाउने प्रमुख दायित्व प्रतिपक्षी दलको नेताको हुन्छ । त्यसो भए कसरी प्रतिपक्ष दलको नेता प्रभावकारी हुनसक्छ त ? मूलरूपमा वैकल्पिक नीति निर्माण र कार्यान्वयन गर्ने क्षमता, आफ्नै दल व्यवस्थापन गर्ने खूबी, आकर्षक राजनीतिक व्यक्तित्व र सार्वजनिक संचार कौशल भएको व्यक्ति प्रतिपक्षी नेताको रूपमा सफल हुन सक्दछ ।

**देउवा र कांग्रेसले गरेको गल्ती**

सरकार निर्माणका लागि संसद्‌को बहुमत सदस्यको समर्थनसहित दाबी प्रस्तुत गर्न राष्ट्रपतिले दिएको समयसीमा सकिन लाग्दासमेत नेपाली कांग्रेससँग कुरा नमिलेपछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड बालकोट हान्निए र एमाले अध्यक्ष केपी ओलीसँग आफ्नो नेतृत्वमा सरकार निर्माणको लागि सहमति बनाए । एकाएक निर्वाचनपूर्व बनेको गठबन्धन ढल्यो र नयाँ गठबन्धन निर्माण भयो । यस्तो अप्रत्यासित घटनाबाट चकित र दु:खित नेपाली कांग्रेसले अर्को अप्रत्यासित घटनालाई निम्त्यायो । उसले आमअपेक्षा विपरित एमाले-माओवादी-रास्वपा-राप्रपासहितको गठबन्धनले समर्थन गरेको प्रचण्ड सरकारलाई संसद्‌मा विश्वासको मत दियो ।

कांग्रेस नेतृत्वमा सरकार बन्न नसक्ने अवस्था र कांग्रेसको मतविना माओवादीको पनि बहुमत नपुग्ने अवस्था भएको भए संविधान रक्षाको लागि सरकार बन्न सहयोग गर्नको लागि कांग्रेसले मत हालिदिएको मान्न सकिन्थ्यो र त्यो अवस्थामा नेपाली कांग्रेसलाई उदार प्रतिपक्षको रूपमा लिन सकिन्थ्यो । तर एमाले, रास्वपा र राप्रपाको समर्थनमा अघि बढेका प्रचण्डलाई सरकार निर्माणको लागि नेपाली कांग्रेसको साथ चाहिएको थिएन ।

*बाँकी पृष्ठ-३ मा....*

# प्रतिपक्षविहीन संसद्...

खासमा कांग्रेसको साथ छोडेरै प्रचण्ड ओली निवास पुगेका थिए र ओलीसँग गठबन्धन गरेपछि देउवाको समर्थनको आशा त प्रचण्डले पनि गरेका थिएनन् । स्वार्थका लागि संसदीय मूल्यमान्यतालाई लात मार्न जहिल्यै खप्पिस, संसदीय खेलका माहिर खेलाडी देउवा आफ्नो रणनैतिक हारपछि आफ्नै विरुद्ध बनेको गठबन्धनको समर्थनमा प्रचण्डलाई नै प्रधानमन्त्रीमा सघाउन तयार भए । बहुमत भएको गठबन्धनभन्दा बाहिर मात्र हैन संसद्कै ठूलो दलको रूपमा सरकार भन्दा बाहिर रहने अवस्थामा उनको जिम्मेवारी आफ्नो दललाई प्रमुख प्रतिपक्षको रूपमा उभ्याउनुहुन्थ्यो । सरकारलाई गलत गर्नबाट रोक्न र जिम्मेवार बनाउनका लागि भूमिका खेल्नुपर्ने हुन्थ्यो । उनको दलले पछ्याएको सिद्धान्त र नेपालको संविधानको मर्म पनि त्यही थियो ।

के देउवाले प्रतिपक्षमा बस्नको लागि प्रचण्ड सरकारलाई मत दिनु आवश्यक थियो ? प्रचण्ड सरकारलाई संसद्को झन्डै शतप्रतिशत मत पुऱ्याइदिएर अब प्रतिपक्षमै छु भन्ने कांग्रेसलाई (देउवालाई हैन) यसबाट के फाइदा ? के कुनै संवैधानिक बाध्यता विना सरकार बनाउन संसद्मा मत हालेको दल अर्थपूर्ण प्रतिपक्ष हुन सक्छ ?

सरकारलाई मत दिनु भनेको सरकार बनाउन सहयोग गर्नु हो । के प्रतिपक्षको भूमिका सरकार बनाउने हो? अहिले कांग्रेसका केही नेताले जिब्रो चपाएर प्रचण्डलाई प्रधानमन्त्रीको रूपमा मत हाल्ने दलको निर्णयको बचाउ गरे पनि कुनै पनि नेताले पत्याउन लायक धारणा व्यक्त गर्न सकेका छैनन् । त्यसको कारण हो देउवा र उनको दलको त्यो कदम संसदीय लोकतन्त्रमा प्रतिपक्षसम्बन्धी सिद्धान्तको ठाडो उल्लैन थियो ।

नयाँ परिस्थितिमा देउवा गठबन्धन बाहिर थिए । नेपाली कांग्रेस न सरकारको नेतृत्व लिन सक्ने स्थितिमा थियो, न त सरकारमा सामेल हुनसक्ने परिस्थिति नै थियो । परिस्थितिले नेपाली कांग्रेसलाई प्रतिपक्षमै पुऱ्याइदिएको थियो । तर समयको यो माग र संसदीय लोकतन्त्रको मान्यता स्वीकार्न कांग्रेसलाई गाह्रो परिरहेको थियो । सरकारको नेतृत्व निश्चित देखेरै बूढानीलकण्ठ निवास मर्मतसम्भार गराइराखेका देउवालाई तत्काल घर भाडामा खोज्नुपर्ला भन्ने परिकल्पनै थिएन । नसोचेका कुरा हुन्छन् नै, भएरै पनि छाड्यो । तर देउवा त्यो स्वीकार्न तयार भएनन् । र त संसदीय मूल्यमान्यतालाई लात हानेर कुनै बेला ओली-प्रचण्ड गठबन्धनमा छिर्के लगाउन पाइन्छ भनेर दाउ हेर्न प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिए ।

अब आफैंले विश्वासको मत दिएको प्रधानमन्त्री र उनको सरकारलाई कसरी अविश्वास गर्ने नेपाली कांग्रेसले ? हामी प्रतिपक्षमै छौं भनेको छ उसले तर प्रतिपक्षको धर्म अब कसरी निभाउँछ ? आफैंले बनाएको सरकारको नीति तथा कामकारबाहीको अर्थपूर्ण आलोचना र विरोध अब कसरी गर्छ नेपाली कांग्रेसले ? अब उसले सरकारलाई जनताप्रति जिम्मेवार बनाउन कस्तो प्रतिपक्षीय भूमिका निर्वाह गर्न सक्छ ?

प्रतिपक्षले सरकारका कामकारबाहीको छानबिन गर्नुपर्दछ । उसले संसद्मा प्रश्न सोध्नुपर्छ, संसदीय समितिमा प्रश्न उठाउनुपर्छ, संचारमाध्यममार्फत सरकारलाई प्रश्न गर्न र उसलाई चुनौती दिनुपर्छ । सरकारलाई गैरजिम्मेवार, भ्रष्ट र निरंकुश हुनबाट रोक्ने सबभन्दा ठूलो जिम्मेवारी उसकै हो । सरकारलाई अविश्वास गरेर उसले यसो गर्ने हो । तर नेपाली कांग्रेसले त प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिइसकेको छ । अब उसले प्रतिपक्षको भूमिका जिम्मेवारीपूर्वक कसरी पूरा गर्न सक्छ ? सक्दैन ।

प्रतिपक्षाको उद्देश्य प्रतिपक्षता देखाउनु हो, विश्वासको मत दिएर सघाउनु होइन । नेपाली कांग्रेसले सघाइसकेको छ । ऊ 'गभर्मेन्ट इन वेटिङ' को रूपमा होइन, 'अपोजिसन विदिन द गभर्मेन्ट'को रूपमा देखापरेको छ । सरकारको विरोध गर्ने र मौका आउँदा आफैं सरकारमा जाने धैर्य उसले देखाउन सकेन । संविधान, देश र जनताप्रति उदार हुनुपर्ने नेपाली कांग्रेस प्रचण्ड सरकारप्रति उदार देखियो । यो लोकतान्त्रिक पद्धतिको लागि गम्भीर क्षय हो ।

प्रतिपक्षी बनेर बस्नुपर्ने नेपाली कांग्रेसले सत्ताका लागि मत दिएर संसद्लाई अस्वस्थ बनाइदिएको छ भने आफूलाई गैरजिम्मेवार पुष्टि गरेको छ । यसमा मूल रूपमा नेपाली कांग्रेसका सभापति देउवाको भूमिका छ । प्रतिपक्षी दललाई जिम्मेवार र प्रभावकारी बनाउने प्रमुख दायित्व प्रतिपक्षी दलको नेताको हुने हुनाले यो गलत कदमको श्रेय पनि उनैले लिनुपर्छ ।

अघिल्लो ओली सरकार हुँदा नेपाली कांग्रेस सैद्धान्तिक हिसाबले त प्रतिपक्षमा थियो तर व्यवहारमा देउवाले संवैधानिकलगायत राज्यका विभिन्न निकायमा भाग खोजे र प्रतिपक्षको मर्ममै प्रहार गरे । अहिले त सरकारलाई विश्वासको मत दिएर देउवाले एकैकिसिमले प्रतिपक्षताकै हत्या गरिदिए ।

देउवा जिन्दगीभरि नै लोकतन्त्रका लागि लडेको दाबी गर्छन् । यही व्यवस्थाभित्र पाँच-पाँच पटक प्रधानमन्त्री भइसकेका छन् । उनले अलिकति भए पनि मूल्यको राजनीति गर्नुपर्थ्यो । अलिकति नेपाली कांग्रेसलाई र अलिकति लोकतन्त्रलाई माया गर्न सक्नुपर्थ्यो । उनले प्रतिपक्षमा बसेर अहिले सरकारको रक्षा होइन प्रतिपक्षता निभाउनुपर्थ्यो । उनले सरकार असफल हुँदा र मौका आउँदा लागू गर्न वैकल्पिक नीति निर्माण गर्न समय दिनुपर्थ्यो । न उनले हिजो त्यसो गरे न आज नै । प्रतिपक्ष हुँदा वैकल्पिक र बलियो नीति निर्माण र कार्यान्वयनमा उनी सधैं पछाडि परे । चाहे प्रतिपक्षमा हुँदा होस् या सत्तामा, आफ्नै दल व्यवस्थापन गर्ने खूबी समेत उनमा देखिएन । आफ्नै दल फुटाएको कलंक बरु उनले बोकेका छन् । उनी राजनीतिका चतुर खेलाडीको रूपमा त चिनिए, तर उनले आफ्नो आकर्षक राजनीतिक व्यक्तित्व निर्माण गर्न कहिल्यै सकेनन् ।

सातचोटि प्रधानमन्त्री हुने लालसा अझै उनमा देखिन्छ, तर प्रत्येक पटक प्रधानमन्त्री हुँदा के गर्ने भन्ने न कुनै कार्यक्रम उनीसँग देखियो न देशलाई कतै पुऱ्याउँछु भन्ने सपना । प्रतिपक्ष दलको नेता त सरकार भन्दा बढी सुनिनुपर्छ, किनकि ऊ त जनताको 'वाच-डग' हो तर देउवा कहिल्यै त्यसरी मुखरित भएनन् । उनले प्रतिपक्षी दलको नेताको हिसाबले जनताको मुद्दा उठाएको स्मरणीय घटना सायदै होला । न उनीसँग सार्वजनिक संचारको त्यो कौशल देखियो न त जस्तो सकिन्छ त्यस्तै गरी विषय उठानको कोसिस नै उनले गरे । अर्थात् प्रतिपक्षी दलको नेताको रूपमा शेरबहादुर देउवा सधैं असफल रहे र अब सफल हुने कुनै सम्भावना पनि बाँकी राखेनन् । सरकारलाई विश्वासको मत दिएर उनले आफ्नो धरातल स्पष्ट पारी नै सकेका छन् ।

### कांग्रेस हिंड्नुपर्ने बाटो

माथि उल्लेखित तथ्यहरूको आधारमा के निष्कर्षमा पुग्न सकिन्छ भने देउवा प्रभावकारी र सफल प्रतिपक्ष दलको नेता हुन सक्दैनन् । कांग्रेस महामन्त्री गगन थापाले सत्ताको लसपस भएको प्रतिपक्ष हुँदैन भनेका छन् । र यो कुरा थापाले सभापति देउवाले लसपस गरिसकेको सन्दर्भमा भनेका हुन् । संसदीय लोकतान्त्रिक मूल्यमान्यताको हिसाबले देउवा जान नहुने बाटोमा गई नै सके । चुनावपूर्व गठबन्धन गरे, जोगाउन सकेनन् । चुनावपछि प्रतिपक्षमा बस्नुपर्थ्यो, सरकारलाई विश्वासको मत दिए ।

वास्तवमा अहिले नेपाली कांग्रेस न सत्तापक्ष हो, न ऊ विशुद्ध प्रतिपक्ष नै हो । यसअघि देउवाले न सरकार राम्रो चलाउन सके, न प्रभावकारी प्रतिपक्षी दलको नेता नै हुनसके । अहिले त उनले प्रतिपक्षी दलको नेता हुँ भन्न पनि नसकिने गरी दोसाँधमा आफूलाई उभ्याएका छन् । अब त देउवा राजनीतिक र नैतिक दृष्टिकोणले नेपाली कांग्रेसको सभापतिमा रहिरहन योग्य पनि छैनन् ।

नेपाली कांग्रेसलाई बचाउने हो भने अब दललाई नयाँ शिराबाट अघि बढाउन अपरिहार्य भइसकेको छ । आफ्नो स्वार्थभन्दा आफ्नो दललाई माया गर्नेहरूको बहुमत यदि नेपाली कांग्रेस पार्टी पंक्तिमा छ भने अविलम्ब विशेष महाधिवेशन बोलाई नेतृत्व परिवर्तनको दिशामा जानु नै कांग्रेसको दीर्घजीवनको लागि लाभदायक छ । यो नेपाली लोकतन्त्रका लागि पनि आवश्यक कदम भइसकेको छ । तर विगत र वर्तमान हेर्दा नेपाली कांग्रेसको भविष्य निर्णयकर्ताहरूमा यसरी हेर्न सक्ने चेतना पलाइसकेको छ भन्नेमा आशावादी हुने ठाउँ देखिन्न ।

*(साभार: अनलाइनखबर)*

# माथिल्लो अरुणका लागि ८ अर्ब खर्चेर सुरुङसहितको पहुँचमार्ग बन्दै

काठमाडौं/सरकारले यसैवर्षदेखि माथिल्लो अरुण जलविद्युत आयोजनाका लागि पहुँच मार्ग बनाउन सुरु गर्ने भएको छ । प्राधिकरणले २ किलोमिटर सुरुङ मार्गसहित करिब २१ किलोमिटर पहुँच सडक निर्माण भारतीय कम्पनीलाई ठेक्का दिने तयारी गरेको छ ।



बुधबार टेन्डरको मूल्यांकन सकाएर बोलपत्र स्वीकृत गर्ने आशयपत्र जारी गर्दै प्राधिकरणले भारतको गायत्री प्रोजेक्ट्स लिमिटेडलाई ठेक्का दिन लागेको जनाएको छ । उक्त कम्पनीले ७ अर्ब ९१ करोड ३९ लाख रुपैयाँ ठेक्का पाउन लागेको हो ।

सुरुङसहितको सडक निर्माण गरिने भएकाले स्थानीयको आर्थिक, सामाजिक अवस्था समेत बदल्न यो सडकमार्गले महत्वपूर्ण भूमिका खेल्ने प्राधिकरणको अपेक्षा छ ।

प्राधिकरणका कार्यकारी निर्देशक एवम् प्रबर्द्धक अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीका अध्यक्ष कुलमान घिसिङ २ वर्षभित्र पहुँचमार्गको निर्माण सकाउने बताउँछन् । प्राधिकरणले आयोजनाको परामर्शदाता पनि छनोट गर्न बोलपत्र आह्वान गरिसकेको छ । 'एक वर्षभित्र आयोजना नै निर्माणको लागि बोलपत्र आह्वान गर्न तयारी गरिरहेका छौं,' उनले भने, 'अब यो आयोजना निर्माणमा धेरै अलमलिदैनौं ।'

भारत सरकारले पनि यो परियोजनामा आँखा लगाएको छ । अरुण बेसिनका अरुण तेस्रो निर्माण गरिरहेको भारतले तल्लो अरुण पनि पाइसकेको छ भने अरुण ४ नेपाल विद्युत प्राधिकरणसँग मिलेर निर्माण गर्ने समझदारी भइसकेको छ ।

भारतले माथिल्लो अरुण हात पार्न राजनीतिक पहल लिइर हेपनि प्राधिकरण यो परियोजना आफ्नो हातबाट उम्काउन दिने पक्षमा छैन । माथिल्लो अरुण संखुवासभाको भोटखोला गाउँपालिकामा निर्माण हुने १ हजार ६१ मेगावाटको आयोजना हो । प्राधिकरणले आयोजनाको लगानी मोडालिटी टुंग्याएर आयोजना निर्माणका लागि प्रक्रिया अघि बढाइसकेको छ ।

अर्धजलाशययुक्त यो जलविद्युत आयोजनाको अनुमतिपत्र विद्युत प्राधिकरणसँग छ । ३० भदौमा प्राधिकरणले एक कार्यक्रमका बीच 'ब्लेन्डेड फाइनान्सिङ'(मिश्रित लगानी)को नमूना परियोजनाको रुपमा अगाडि बढाउने घोषणा गरेको थियो ।

नेपाल विद्युत प्राधिकरणको अगुवाइमा निर्माण हुने आयोजनामा नेपाल सरकार, प्रदेश सरकार, आयोजना प्रभावित जिल्लाका स्थानीय तह, आयोजना प्रभावित जिल्लावासी, देशभरीका सर्वसाधारणको सेयर लगानी, अन्तर्राष्ट्रिय बहुपक्षीय विकास साझेदारको सहुलितपूर्ण ऋण र स्वदेशी बैंक तथा वित्तीय संस्थाको ऋण लगानी रहने प्राधिकरणले बताएको छ । आयोजना निर्माण गर्न स्थापना गरिएको अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीमा प्राधिकरणको सबैभन्दा बढी सेयर स्वामित्व रहने तय भएको छ ।

निर्माण अवधिको ब्याज, मूल्यवृद्धि लगायत सहित १ अर्ब ७५ करोड अमेरिकी डलर (करिब २ खर्ब १४ अर्ब) अनुमानित लागत रहेको माथिल्लो अरुणमा ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपूँजी (इक्विटी)बाट जुटाउने भनिएको छ ।

करिब १ खर्ब ५० अर्ब रुपैयाँ ऋणमध्ये ९७ अर्ब विश्व बैंक, युरोपेली लगानी बैंक जस्ता बहुपक्षीय अन्तर्राष्ट्रिय विकास साझेदारबाट सहुलियतपूर्ण ऋण र ५३ अर्ब अर्ब स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट जुटाएर वित्तीय व्यवस्थापन गर्ने तयारी छ ।

अन्तर्राष्ट्रिय संस्थाको सहवित्तीयकरणको नेतृत्व विश्व बैंकले गर्ने छ । हाइड्रो इलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी (एचआईडीसीएल)को नेतृत्वमा स्वदेशी बैंक तथा वित्तीय संस्थाबाट सहवित्तीयकरणमार्फत लगानी हुने छ ।

आयोजनाका हाइड्रो मेकानिकल, इलेक्ट्रोमेकानिकल र प्रसारण लाइनका उपकरणहरु विदेशबाट आयात गर्दा कुल लागतमध्ये करिब ३० देखि ४० प्रतिशत खर्च हुने र उक्त रकम वैदेशिक लगानीबाट प्राप्त हुने डलर बाट भुक्तानी हुँदा यसले मुलुकको सोधनान्तर बचतमा समेत सहयोग गर्ने अपेक्षा गरिएको छ ।

कार्यकारी निर्देशक घिसिङ माथिल्लो अरुण नेपालमा ब्लेन्डेड फाइनान्सिङको पहिलो प्रकारको मोडालिटीमा निर्माण हुने बताउँछन् । 'एचआईडीसीएलको अगुवाइमा हुने सहवित्तीयकरणमा नेपालका निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाले पनि आयोजनामा ऋण प्रवाह गर्ने छन्, यो ब्लेन्डेड फाइनान्सिङको पहिलो प्रकारको मोडेल बन्ने छ, जसबाट मुलुकको अर्थतन्त्रमा समेत सकारात्मक हलचल ल्याउने छ',उनले भने ।

चार अंकको जडित क्षमता भएको माथिल्लो अरुणबाट अहिले देशमा खपत भइरहेको ऊर्जाको झण्डै आधा ऊर्जा उत्पादन हुने प्राधिकरणले बताएको छ । यो आयोजना तुलनात्मक रुपमा सस्तो पनि छ । त्यसैले धेरैलाई सहभागी बनाएर नमूना परियोजनाको रुपमा फाष्ट ट्र्याकमा अगाडि बढाउने प्राधिकरणको योजना छ ।

६४ अर्ब रुपैयाँ इक्विटीमध्ये ५१ प्रतिशत आयोजनाको प्रवर्द्धक अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीका संस्थापक सेयर बाट र ४९ प्रतिशत सर्वसाधारण सेयरबाट संकलन गर्ने तय भएको छ । जनताको जलविद्युत कार्यक्रममा समावेश माथिल्लो अरुणमा प्रदेश सरकार, आयोजना रहेको जिल्ला संखुवासभाका स्थानीय तह, नेपाल विद्युत प्राधिकरणलगायतका संस्थापक सेयर रहने छन् । आयोजना प्रभावित बासिन्दा, देशभरका सर्वसाधारण लगायतको ४९ प्रतिशत साधारण सेयर (आईपीओ) रहने छ । करिब ३२ अर्ब रुपैयाँ सर्वसाधारण सेयर निष्कासन गरी संकलन गरिने छ ।

सहवित्तीयकरणमार्फत आयोजनामा करिब ५३ अर्ब रुपैयाँ लगानी हुने छ । सहवित्तीयकरणमा नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, नागरिक लगानी कोषलगायतका बैंक तथा वित्तीय संस्था सहभागी छन् । समझदारीमा हस्ताक्षर भएको मितिबाट १२० दिनभित्र ऋण लगानीको टर्मसिट तयार गरी एक वर्षभित्र आयोजनाको वित्तीय व्यवस्थापन गर्ने लक्ष्य छ ।

आयोजनाको निर्माण पुस २०८१ बाट सुरु गरी पुस २०८७ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । आयोजनालाई आवश्यक पर्ने २ हजार २५ हेक्टर निजी जग्गा अधिग्रहणका लागि मुआब्जा निर्धारण भइसकेको छ । आयोजनाबाट करिब २२ घरधुरी भौतिक रुपमा विस्थापित हुने छन् । आयोजनाको निर्माणबाट वातावरणीय तथा सामाजिक प्रभावहरु तुलनात्मक रुपमा न्यून रहने अध्ययनले देखाएको छ ।

आयोजनालाई विद्युत बढी माग हुने हिउँदका ६ महिनामा दैनिक ६ घण्टा पूर्ण क्षमतामा चलाउने गरी डिजाइन गरिएको छ । आयोजनाबाट वार्षिक ४ अर्ब ५१ करोड युनिट ऊर्जा उत्पादन हुने छ । यसमध्ये करिब ३० प्रतिशत ऊर्जा हिउँदमा उत्पादन हुने छ ।

सन् १९८५ मा गरिएको कोसी बेसिन मास्टर प्लानबाट माथिल्लो अरुण अर्ध जलाशययुक्त आयोजनाको रुपमा पहिचाहन भएको थियो । प्राधिकरणले सन् १९९१ मा आयोजनाको सम्भाव्यता अध्ययन गरेको थियो भने सन् २०११ मा यसको पुनरवलोकन गरेको थियो ।

आयोजना निर्माण स्थलमा नदीको वार्षिक बहाव दर उच्च रहेकोले ऊर्जा बढी प्राप्त हुने र उच्च हिमाली क्षेत्रमा रहेका कारण खेतीयोग्य जमिन, मानव वस्ती कम भएकाले वातावरणीय प्रभाव कम पर्ने छ ।

उत्पादित विद्युतलाई करिब ६ किलोमिटर ४०० केभीको प्रसारण लाइनमार्फत संखुवासभाको हाइटारमा प्रस्तावित सबस्टेसनमार्फत राष्ट्रिय प्रणालीमा प्रवाह गरिने छ । प्राधिकरणले माथिल्लो अरुणकै अंग रहने गरी ३० मेगावाटको इखुवा जलविद्युत आयोजना अगाडि बढाइसकेको छ । इखुवा पनि जनता जलविद्युत कार्यक्रममा समावेश भएको आयोजना हो ।

कार्यकारी निर्देशक घिसिङ जनतालाई प्रत्यक्ष लाभ दिने रुपान्तरणकारी आयोजनाका निर्माण पूर्वका तयारीहरु पूरा गरी जतिसक्दो छिट्टो सकेर निर्माणमा जाने बताउँछन् । 'आयोजना निर्माणका लागि तय गरिएका समयतालिका अनुसार तत्काल काम सुरु गर्न हामी प्रतिवद्ध छौं' उनले भने ।

*(अनलाइनखबरबाट)*

# प्रतिबन्धित भारतीय नोट सहित युवक पक्राउ

वीरगञ्ज/वीरगञ्जबाट प्रहरीले प्रतिबन्धित भारतीय नोट सहित एक युवकलाई पक्राउ गरेको छ । वीरगञ्ज महानगरपालिका वडा नं. १ छपकैया बस्ने २१ वर्षीय जटाशंकर साह सोनार पक्राउ परेका हुन् ।

उनको साथबाट प्रतिबन्धित भारतीय ५०० र २००० दरका नोट १ लाख रुपैयाँ फेला परेको दावी प्रहरीले गरेको छ ।

माघ ३ गते दिउँसो प्रहरी चौकी ईनर्वा पर्साको टोलीले वीरगञ्ज-१६ शंकराचार्य गेटस्थित सडकखण्डबाट उनलाई पक्राउ गरेको थियो ।

शंकराचार्य गेट नजिकै भारतको रक्सौलबाट वीरगञ्जतर्फ आउने सवारी साधन तथा पैदल यात्रीहरूको नियमित जाँच हुने गरेको छ ।

सोही क्रममा जटाशंकरको पाइन्टको खल्तीबाट श्रोत नखुलेको भारतीय रुपैयाँ फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए ।

बरामद गरिएको भारु सहित उनलाई आवश्यक कारबाहीका लागि बुधबार राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# यी पाँचमध्ये एकजना बन्नेछन् नेपाल क्रिकेट टिमको प्रशिक्षक



काठमाडौं/नेपाल क्रिकेट संघ (क्यान)को प्रशिक्षक छनोट समितिले राष्ट्रिय क्रिकेट टिमको प्रशिक्षकका लागि आवेदन दिएकामध्ये उत्कृष्ट पाँच जना दावेदारको नाम छनोट गरेको छ ।

गत साता क्यानले सार्वजनिक सूचना जारी गरी प्रशिक्षक आवेदन खुला गरेको थियो । एक साताको समयमा २४ जनाको आवेदन परेकोमा उत्कृष्ट पाँच जनाको सर्टलिष्ट तयार गरी अन्तर्वार्ता लिन लागिएको हो । अन्तवार्तापछि एकजनाको नाम समितिले क्यानसमक्ष सिफारिस गर्ने समितिका संयोजकसमेत रहेका क्यान कार्यसमिति सचिव प्रशान्त मल्लले जानकारी दिए ।

नेपाल टिमको प्रशिक्षक बन्न आवेदन दिएकामध्ये झण्डै एक दशकदेखि नेपाल क्रिकेटसँग जोडिएका भारतका मोन्टी देशाई, नेपाल टिमका पूर्व प्रशिक्षक डेभ ह्वाटमोर, पूर्व बलिङ सल्लाहकार श्रीलंकाली धम्मिका प्रसाद, बंगलादेश क्रिकेट टिमका निवर्तमान प्रमुख प्रशिक्षक दक्षिण अफ्रिकी रसेल क्रेग डोमिंगो र न्युजिल्याण्ड टी-२० टिमका पूर्व प्रमुख प्रशिक्षक ग्लेन पोकनललाई छनोट गरिएको छ ।

सन् २०१४ देखि नेपाल क्रिकेट टिमको सल्लाहकार भूमिकामा रहेका मोन्टी पछिल्लो तीन वर्ष वेष्ट इण्डिजको ब्याटिङ प्रशिक्षकको जिम्मेवारी पूरा गरेर बसेका छन् । त्यसअघि उनले क्यानडाको प्रमुख प्रशिक्षक तथा युएईको ब्याटिङ प्रशिक्षकको जिम्मेवारी पनि पूरा गरेका छन् ।

नेपाली टिममा ब्याटिङको समस्या बढ्दो अवस्था र भारतीय क्रिकेटसँग नजिकको सम्बन्ध भएको तथा भाषाको सहजताका कारण पनि मोन्टीको सम्भावना बढी देखिन्छ ।

सन् २०२० को डिसेम्बरमा १ वर्षको सम्झौता गरी नेपाल क्रिकेट टिमको प्रमुख प्रशिक्षक नियुक्त भएका डेव ह्वाटमोरले ८ महिनामै पारिवारिक कारण देखाएर राजीनामा दिएका थिए । तर, एक महिना नबित्दै उनी भारतको रणजी टोली बडोदरासँग अनुबन्धित भए । उनले नेपाल क्रिकेटलाई धोका दिएको क्यान पदाधिकारी नै बताउँछन् । सन् १९९५ मा श्रीलंकालाई एकदिवशीय विश्वकपको उपाधि दिलाएका यी अस्ट्रेलियन नेपालले पाएको हाइप्रोफाइल प्रशिक्षक हुन् । श्रीलंकाली राष्ट्रिय क्रिकेट टिमका पूर्व खेलाडी धम्मिका प्रसादलाई नेपालले गत वर्ष टी-२० विश्वकप ग्लोवल क्वालिफायरका लागि बलिङ सल्लाहकार नियुक्त गरेको थियो । उनले प्रमुख प्रशिक्षक बन्नका लागि आवेदन दिएका छन् । नेपाली टिमका बलिङको तुलनामा ब्याटिङको समस्या ठूलो छ ।

तीन वर्ष बंगलादेश क्रिकेट टिमको प्रमुख प्रशिक्षकको जिम्मेवारी गत महिनामात्र बाहिरिएका दक्षिण अफ्रिकी प्रशिक्षक रसेल क्रेग डोमिंगो पनि नेपालको प्रशिक्षक बन्न इच्छुक देखिन्छन् । खेलाडीका रुपमा राम्रो छवि नभए पनि डोमिंगोको प्रशिक्षण अनुभव भने शानदार छ । बंगलादेश आउनुअघि सन् २०११ देखि २०१७ सम्म उनी दक्षिण अफ्रिकी क्रिकेट टिमको सहायक प्रशिक्षक थिए ।

नेपाल टिमको प्रशिक्षक बन्न आवेदन दिएर सर्टलिष्टमा परेका अर्का प्रशिक्षक हुन्- न्युजिल्याण्डका ग्लेन पोकनल । उनी न्युजिल्याण्ड ए टिमको प्रमुख प्रशिक्षक भइसकेका छन् । सन् २०२१ मा बंगलादेशसँगको टी-२० शृंखलामा उनी टिमको प्रमुख प्रशिक्षक थिए । पोकनलले सन् २०१३ मा आयरल्याण्डको ब्याटिङ प्रशिक्षकको जिम्मेवारी सम्हालेका थिए ।

उनले सन् २०१३ देखि २०२२ सम्म न्युजिल्याण्डको पहिलो श्रेणीको क्लब विलिङटन फायरबर्ड्समा व्याटिङ, प्रशिक्षक, सहायक प्रशिक्षक र प्रमुख प्रशिक्षकको भूमिकामा थिए ।

यसबीचमा विलिङटनले फ्रेन्चाइज प्रतियोगिता सुपर स्म्यास चारपल्ट, एकदिवशीय प्रतियोगिता द फोर्ड ट्रफी दुईपल्ट र पहिलो श्रेणीको प्लङकेट ट्रफी एकपल्ट जितेको छ ।

उनी प्रतिभा पहिचानका लागि परिचित मानिन्छन् । विलिङटनबाट करिअर सुरु गरेका पाँच जना खेलाडीले पछिल्लो तीन वर्षमा राष्ट्रिय टिमबाट डेब्यू गरेका छन् ।

"तपाईं, हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।


www.sajhakuranews.com

# थाहाको फोटो देखाएर पर्यटक तान्न पालिकादेखि निजी क्षेत्र एकजुट

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ जिल्लाको प्रमुख पर्यटकीय क्षेत्रका रुपमा रहेको थाहा नगरपालिका पर्यटन क्षेत्रका प्रचारप्रसारका लागि योजनाबद्ध ढंगबाट अगाडि बढेको छ ।

थाहा नगरपालिकाले थाहालाई चिनाउन फोटो प्रदर्शनी अभियान नै चलाइरहेको हो । यसअघि काठमाडौंस्थित बसन्तपुर डबलीमा थाहा नगरपालिकाको फोटो प्रदर्शनी गरेको नगरपालिकाले चितवन पुगेर थाहाको फोटो देखाउँदै आन्तरिक पर्यटकको ध्यान खिच्न थालेको हो । थाहामा रहेका पर्यटकीय क्षेत्र र प्राकृतिक मनोरम दृश्यहरुको फोटो देखाएर पर्यटकलाई आकर्षण गर्ने दाउमा नगरपालिका र निजी क्षेत्र एकजुट बनेका हुन् । थाहाको पर्यटन प्रबर्द्धनमा नगरपालिकासँगै स्थानीय संघसंस्था पनि लागेका हुन् । थाहा नगरको पर्यटन प्रबर्द्धनका लागि चितवनको खैरहनीमा थाहा नगर आसपासको फोटो प्रदर्शनी गरिने भएको हो ।



नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश तथा खैरहनी उद्योग वाणिज्य संघको आयोजनामा चितवनको लदरी खोला किनारमा २०७९ माघ ४ देखि १५ सम्म चल्ने बागमती प्रादेशिक एवम् दोश्रो खैरहनी महोत्सवमा थाहाको फोटो प्रदर्शनीका लागि राखिएको छ । थाहा नगरका युवा फोटो पत्रकार गणेश बिष्टले खिचेका थाहा नगरपालिकाभित्रका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रहरु समेटिएका ६० वटा फोटो उक्त महोत्सवमा प्रदर्शनीका लागि राखिएको हो । मेलाको पहिलो दिनमै सयौंले थाहा नगर क्षेत्रका पर्यटकीय स्थानहरुको फोटोबाट अवलोकन गरेका छन् । आन्तरिक पर्यटकलाई आकर्षित गर्न तथा थाहाको समष्टिगत परिचय दिने उद्देश्यले यो महोत्सवमा फोटो प्रदर्शनी गरिएको थाहा नगरका मेयर बिष्णुबहादुर बिष्टले जानकारी दिए ।

यसअघि, काठमाडौंको बसन्तपुरमा ३ दिन थाहा नगरको फोटो प्रदर्शनी गरिएको थियो । थाहा नगरपालिकाको आयोजनामा तथा फरक सोचको समन्वयमा गत कात्तिक १९, २० र २१ गते गरिएको उक्त प्रदर्शनीमा करिब १३ हजारले अवलोकन गरेको र त्यस प्रदर्शनीले थुप्रै आन्तरिक पर्यटकलाई थाहा नगरसम्म आउने वातावरण बनाएकोले चितवनमा पनि फोटो प्रदर्शनी गर्न लागिएको पनि नगर प्रमुख विष्टले बताए । यसपटकको फोटो प्रदर्शनी थाहा नगरपालिकाको आयोजना तथा फरक सोचको समन्वय रहेको छ । कार्यक्रमको व्यवस्थापन थाहा नगर उद्योग वाणिज्य संघले गरेको छ ।

१० दिनसम्म चल्ने महोत्सवमा करिब १५ हजारले अवलोकन गर्ने पुर्वानुमान रहेको कार्यक्रमका संयोजक तथा थाहा नगर उद्योग वाणिज्य संघका अध्यक्ष कबिराज खत्रीले जानकारी दिए । फरक सोच अभियानले आफ्नो व्यवस्थापनमा काठमाडौंमा भएको फोटो प्रदर्शनीमा बिक्री भएको फोटोबाट प्राप्त भएको ८० हजार छ सय रुपैयाँ राजस्वसहित प्रदर्शनीका निम्ति तयार पारिएका ६३ थान माउन्ट गरिएको ४० हजार ८ सय २४ रुपैयाँ बराबरको फोटोसमेत नगरलाई बुझाएको थियो । चितवनको खैरहनीमा हुने महोत्सवमा ६० ओटा फोटो प्रदर्शनीका लागि राखिने फरक सोचका संयोजक यादवजंग रायमाझीले बताए ।

# मनहरीमा ल्होछार साँस्कृतिक मेलाको तयारी सकियो

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ मनहरी गाउँपालिकामा हुने २८५९ ह्योई/तावार ल्हो (बिरालो बर्ग) सोनम ल्होछार साँस्कृतिक कार्यक्रमको तयारी सकिएको छ ।

तामाङ पत्रकार संघ मकवानपुर र ल्होछार मेला आयोजक मूल समारोह समिति सांगे छ्युोइफेल गुम्बाको संयुक्त आयोजना मनहरीमा सोनम ल्होछार सांस्कृतिक कार्यक्रम हुँदैछ । संघका अध्यक्ष जयराम मोक्तानले ल्होछार सांस्कृतिक कार्यक्रमको तयारी सकिएको जानकारी दिए । मनहरी गाउँपालिका वडा नम्बर ७ स्थित बुद्धशान्ति पार्क परि सरमा ८ माघ गतेदेखि सोनाम ल्होछारको दिन हुने सोनाम ल्होछार मेला तथा बृहत साँस्कृतिक कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको उनको भनाइ छ ।



कार्यक्रममा तामाङ कलाकारहरुको गायन, नृत्य, तामाङ भेषभुषा र खानाका स्टलहरु र तामाङ सँस्कृति र ल्होछार पर्वको सन्देशमूलक प्रवचन रहने उनले बताए । कार्यक्रममा कलाकारहरु हरि योञ्जन, सुन्दर लामा, र विनकुमार चेपाङ, प्रकाश तामाङ र उर्मिला प्रजाले प्रस्तुति दिने जनाइएको छ । यस्तै, ८० वर्ष माथिका ज्येष्ठ नागरिकलाई सम्मान गरिने भएको छ । ल्होछार मेला आयोजक मूल समारोह समितिका संयोजक सुरेश मुक्तानले तामाङ जातिको संस्कार सँस्कृति, भेषभुषा र भाषाको संरक्षणका लागि ल्होछार पर्व मनाउन लागिएको बताए ।

ल्होछार मेला तथा साँस्कृतिक कार्यक्रमलाई निरन्तरता तथा तामाङ समुदायबीच जागरण ल्याउन उक्त कार्यक्रमले सहयोग पुग्ने मुक्तानको दाबी छ । यसैगरी, तामाङ पत्रकार संघ बागमती प्रदेशका उपाध्यक्ष ज्ञानेन्द्र तामाङले तामाङ समुदाय साँस्कृतिक संघर्षकै क्रममा रहेको बताए । भाषा र भेषभुषाले राष्ट्रिय मन्यता नपाइरहेको अवस्थामा साँकृतिक पहिचानबारे उठान गर्न यस्ता कार्यक्रम जरुरी रहेको उनको धारणा छ । कार्यक्रममा मनहरी-७ का वडाध्यक्ष ठाकुर तितुङ, सांगे छ्युोइफेल गुम्बा अध्यक्ष गौतम लामा, बुद्दिजिबि खुशीलाल मोक्तान, सुरेश लामा लगायतको उपस्थिति थियो ।

# काम अनुसार मूल्याङ्कन गरिन्छः अर्थमन्त्री थपलिया



साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले कर्मचारीको काम अनुसार मूल्याङ्कन गरिने बताएका छन् ।

बुधबार मन्त्रालयका कर्मचारीहरुसँग भएको परिचयात्मक कार्यक्रममा बोल्दै मन्त्री थपलियाले कर्मचारीको काम अनुसार मूल्याङ्कन गरिने बताएका हुन् । उनले जनप्रतिनिधि र कर्मचारीको उद्देश्य एउटै रहेको प्रष्ट पारे । फरक फरक पाटोबाट आएपनि जनप्रतिनिधि र कर्मचारीको उद्देश्य जनताको सेवा गर्नु रहेको भन्दै उनले जनताले गुनासो गर्ने गरी काम गर्न नहुने बताए ।

महत्वपूर्ण काम भएमा अतिरिक्त समयमा पनि कार्यालयमा उपस्थित हुनुपर्ने भन्दै थप कामको थप सुविधा प्रदान हुने उनले बताए । जनप्रतिनिधि र कर्मचारी दुबैले दायित्व पूरा गर्न, समन्वय गर्न समूहगतकार्य गर्दै उपलब्धि निकाल्न सक्ने दक्षता प्रयोग गर्न कर्मचारीलाई उनले निर्देशन दिए । मन्त्रालयमा हुने गरेका काम र सम्पन्न भएका गतिविधिका बारेमा मन्त्री थपलियाले जानकारी लिएका थिए ।

# आशा विशेष पाठशालालाई ह्वीलचेयर

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ हेटौंडा-७ स्थित आशा विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्रलाई मकवानपुरे समाज काठमाडौंले ह्वीलचेयर सहयोग गरेको छ ।

समाजले पाठशालामा अध्ययनरत् विद्यार्थीलाई सहयोग पुऱ्याउने उद्देश्यले बुधबार दुई वटा ह्वीलचेयर सहयोग गरेको हो । समाजले आशा विशेष पाठशाला व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण चौलागाईलाई ह्वीलचेयर हस्तान्तरण गरेको थियो । मकवानपुरे समाज काठमाडौंका अध्यक्ष अरुणकुमार गुरुङसहित समाजका पदाधिकारी उपस्थित भई ह्वीलचेयर हस्तान्तरण गरेका थिए ।

# पोखरामा नागश्वती भेट्रान्सको विजयी सुरुवात

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ हेटौंडाको नागश्वती भेट्रान्सले पोखरामा जारी प्रथम हिमालयन ब्रुअरी प्रालि तथा बाह्रौ बगर भाइखलक एट ए साईड अन्तर्राष्ट्रिय भेट्रान फुटबल प्रतियोगितामा बिजयी सुरुवात गरेको छ ।

बुधबार पुरानो टुँडिखेल बगर १ मा भएको खेलमा बौद्ध भेट्रान्स काठमाण्डौलाई १-० ले पराजित गर्दै हेटौंडाको नागश्वती भेट्रान्सले बिजयी सुरुवात गरेको हो । खेलको पहिलो हाफमा कुनैपनि समूहले गोल गर्न सकेन । दोस्रो हाफको ५ औं मिनेटमा नागश्वती भेट्रान्सका ११ नम्बर जर्सीका कृष्ण शाक्यले निर्णायक गोल गर्दै आफ्नो टोलीलाई विजयी सुरुवात गराउन सफल भए ।

खेल अवधिभर गोल फर्काउन बौद्धले धेरै अवसर पाए पनि सदुपयोग गर्न सकेन । खेलको म्यान अफ दी म्याच नागश्वती भेट्रान्सका खेलाडी सन्तोष बस्नेत घोषित भए । अब नागश्वती भेट्रान्सले विहीबार थापा गाउँ भेट्रान्ससँग खेल्नेछ । प्रतियोगितामा



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय २४ वटा समूहको सहभागिता रहेको छ । स्वास्थ्यको लागि एक घण्टा व्यायाम, नागरिकहरूको लागि नौलो आयाम भन्ने नाराका साथ मंगलबारबाट पोखरामा प्रथम हिमालयन ब्रुअरी प्रालि तथा बाह्रौ बगर भाइखलक एट ए साईड अन्तर्राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिता सुरु भएको थियो ।

प्रतियोगितामा ४० वर्षमाथि उमेर समूहका पूर्वखेलाडीहरुको सहभागिता रहेको छ । प्रतियोगितामा विजेताले दुई लाख नगदसहित रनिङ्ग शिल्ड मेडल प्रमाणपत्र प्रदान प्राप्त गर्नेछ भने उपबिजेताले एक लाख नगदसहित ट्रफी मेडल प्रमाणपत्र प्राप्त गर्ने आयोजकले बताएको छ ।

प्रत्येक खेलमा म्यान अफ दी म्याच हुने खेलाडीलाई पुरस्कार र अन्तिम खेलमा उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट फरवार्ड खेलाडीलाई पाँच हजारका दरले र सर्वोत्कृष्ट खेलाडी लाई नगद १५ हजार प्रदान गरिने बताइएको छ । खेलको फाइनल माघ ८ गते हुनेछ ।

# दुर्घटनामा हेटौंडाका मोक्तानको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ बागलुङमा भएको सवारी दुर्घटनामा परी हेटौंडा उपमहानगरपालिका घर भएका एक व्यक्तिको मृत्यु भएको छ ।

बागलुङमा टिपर दुर्घटना हुँदा टिपर चालकसमेत रहेका हेटौंडा उपमहानगरपालिका-१४, घर भएका करिब ४३ वर्षीय राजु मोक्तानको मृत्यु भएको प्रहरीले जनाएको छ । सिगानाबाट काठेखोला पुलतर्फ आउँदै गरेको बा. २ क ९२५८ नम्बर टिपर बुधबार बिहान १० बजे बागलुङ नगरपालिका-८, स्थित सडकबाट करिब दुई सय मिटर तल खसेको थियो । चालक मोक्तानको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

# शिक्षकलाई जिम्मेवार बनाउन आवश्यकः मेयर लामा

साझाकुरा संवाददाता

हेटौंडा, ४ माघ/ हेटौंडा उपमहानगरपालिकाकी मेयर मिनाकुमारी लामाले विद्यालयमा अध्यापन गराउने शिक्षकलाई जिम्मेवार बनाउन अभिभावकको चासो आवश्यक रहेको बताएकी छन् ।

हेटौंडा-१८ स्थित कमला आधारभूत विद्यालयको अभिभावक भेलासहित विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको पुनर्गठन कार्यक्रमलाई सम्बोधन गर्दै मेयर लामाले यस्तो बताएकी हुन् । लामाले सामुदायिक विद्यालयमा अभिभावकहरुको चासो आवश्यक रहेको भन्दै विद्यालयलाई जिम्मेवार बनाउन अभिभावकको भूमिका महत्वपूर्ण हुने बताइन् ।

उचित शिक्षा दिन उपमहानगरले विद्यालय र शिक्षकलाई जिम्मेवार बनाउन खोजिरहेकाले उक्त कामको लागि अभिभावकको साथ आवश्यक रहेको मेयर लामाको भनाइ छ । हेटौंडा उपमहानगर पालिकाले सामुदायिक विद्यालय अव्बल भएको हेर्न चाहेपनि अहिलेसम्म सीमित विद्यालयवाहेक अन्यमा त्यस्तो अवस्था नदेखिएकाले विद्यालयमा शिक्षकलाई जिम्मेवार बनाउन अभिभावक नै सक्रिय हुनुपर्ने आवश्यकता रहेको उनले दोहोऱ्याइन् ।

विद्यालयसँग समन्वय र सहकार्य गर्दै उपमहानगरपालिका अघि बढिरहेको भन्दै नगर प्रमुख लामाले विद्यार्थीलाई विद्यालय शिक्षामात्र होइन घरमा पनि पढ्ने वातावरण अभिभावकले बनाउनुपर्ने बताइन् । बालबालिका विद्यालय गएका छन् भनेरमात्र घरमा ढुक्क



नहुन आग्रह गर्दै नगर प्रमुख लामाले बालबालिकाको गतिविधि, संगत र दैनिकीमा ध्यान दिन जोड दिइन् ।

अभिभावक भेलामा विद्यालयका प्रधानाध्यापक गोविन्द उप्रेतीले विद्यालयले वर्षभरि गरेको गतिविधिबारे जानकारी दिएका थिए । चालु शैक्षिक सत्रबाट कक्षा १ देखि ५ सम्म अंग्रेजी माध्यमबाट अध्यापन सुरु गरेको विद्यालयले आगामी शैक्षिक सत्रबाट अंग्रेजी शिक्षालाई माथिल्लो कक्षामा पनि बिस्तार गर्दै लैजाने तयारी रहेको बताइएको छ । प्रधानाध्यापक उप्रेतीका अनुसार आधारभूत तहसम्मको अध्ययन हुने विद्यालयमा अध्यापन गर्ने विपन्न तथा दलित विद्यार्थीलाई नि:शुल्क विद्यालय पोशाक दिँदै आएको बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तोयानाथ तिमल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१८ का अध्यक्ष अनिल बानियाँ, हेटौंडा उपमहानगर पालिका शिक्षा शाखा प्रमुख रामचन्द्र खड्का, समाजसेवी नरहरि महत, बिजेन्द्र अग्रवालको आतिथ्यता थियो ।


## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५

समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङ लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

*जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:** ९८४५२९०३९१, ९८५५०८५३९१


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना